# सहकारी/समुह मार्फत पकेट क्षेत्रमा वाखा पालन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०९/२५ गते**

**पृष्ठभूमि :**

चौतारा साँगाचोकगढी नगरपालिकामा बाख्रापालन पद्धतिको व्यावसायीकरण गर्न पकेट क्षेत्र निर्धारण गरी उन्नत जातको बोका/बाख्राको उपलब्धता सहज गराउन चौतारा साँगाचोकगढी नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागू गरेको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक :**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "सहकारी/समुह मार्फत पकेट क्षेत्रमा बाख्रापालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि चौतारा साँगाचोकगढी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्नेछ ।

ख) "शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) "कार्यविधि" भन्नाले "सहकारी/समुह मार्फत पकेट क्षेत्रमा बाख्रापालन सम्बन्धी कार्यविधि, २०७९" सम्झनु पर्नेछ ।

घ) समुह/सहकारी भन्नाले नियमानुसार गठन भई सम्बन्धीत संस्थामा दर्ता भएको संस्था सम्झनु पर्नेछ ।

**३. उद्देश्यहरु :**

क) भौगोलिक क्षेत्र तथा हावापानी सुहाउँदो उन्नत जातको बोयर/जमुनापारी बाख्राको उपलब्धता बढाउने ।

ख) बाख्रापालन पेशालाई व्यवसायिकरण गरि मासु आयातलाई न्युनिकरण गर्न सहयोग पुऱ्याउने ।

ग) सानो परिणाममा सुरु गरी क्रमिक रुपमा व्यवसायिकरण गरी उत्पादनमा वृद्धि गर्दै लैजाने

घ) ग्रामिण स्वरोजगार श्रृजनामा सहयोग पुऱ्याई मासु उत्पादनमा वृद्धि गर्ने ।

ङ) वाखा पालन पकेट क्षेत्रको विकास गर्ने ।

**४. कार्यक्रम संचालन हुने स्थानहरु :**

क) चौतारा साँगाचोकगढी नगरपालिका अर्न्तगत लक्षित वडाहरु ।

**५. कार्यक्रमको अवधि :**

यो कार्यक्रमको अवधि आवश्यकता अनुसार विस्तार गर्दै लान सकिनेछ ।

**६. कार्यक्रम संचालन प्रक्रिया:**

क) चौतारा साँगाचोकगढी नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत भएपछि नगरपालिकाद्धारा पकेट प्याकेज कार्यक्रम संचालन गर्ने स्थान, समूह, सहकारी तोकिनेछ ।

ख) पकेट कार्यक्रम संचालनका लागि छनौट भएका समूह/सहकारीहरुले प्रस्तावना तयार गरी नगरपालिकामा पेश गनुपर्नेछ ।

ग) सहकारी/समुह सम्भाव्यता, आवश्यकता र चाहाना अनुसारको छनौट गरिनेछ ।

घ) कार्यक्रम संचालन प्रक्रियामा तोकिए बमोजिमको प्रकृया पुरा भएपछि सहकारी/समूहसँग सम्झौता गरिनेछ ।

ङ) समुह/सहकारीको आवश्यकताको आधारमा वाखा खरिद वितरण, खोर निर्माण सुधार, तालिम तथा प्राविधिक सहयोग, प्रजनन्को लागि वोका वितरण, बजारीकरणका कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

च) छनौट भएका कृषहरुलाई प्रति बाखा रु.१५०००।- (पन्ध्र हजार) सम्म अनुदान दिईनेछ ।

छ) यो कार्यक्रम समुह/सहकारीले एक पटक अनुदान प्राप्त भएपछि निरन्तर रुपमा संचालन गर्नु पर्नेछ ।

ज) चौमासिक रुपमा समुह/सहकारीले प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम संचालनका लागि कृषक समूह र सहकारीहरुले गर्नुपर्ने कार्यहरु :**

क) सहकारी/समूहले चौतारा साँगाचोकगढी नगरपालिकामा सम्झौता गरी संचालन गर्नुपर्नेछ ।

ख) बाखाहरुको वीमा भएको हुनुपर्नेछ ।

ग) सम्बन्धित सहकारी समुहले चौमासिक रुपमा पशु सेवा शाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) सम्बन्धित सहकारी/समुहले उक्त बाखाहरुको समय समयमा स्वास्थ्य परीक्षण, परजीवि विरुद्धको औषधी उपचार र वीमा अभिलेख गराई यस नगरपालिका अन्तर्गतको पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

ङ) समूहको हकमा कम्तीमा १० र सहकारीको हकमा कम्तीमा २५ घरधुरी कार्यक्रमले समेट्नु पर्नेछ । एक घरमा कम्तीमा ५ वटा माउ बाखा पालन गरेको हुनुपर्नेछ ।

**८. कार्यक्रम संचालन गर्न निम्नानुसारको छनौट समिति हुनेछ :**

| | |
|---|---|
| नगर प्रमुख | **- संयोजक** |
| नगर उप प्रमुख | **- सदस्य** |
| आर्थिक विकास समितिको संयोजक | **- सदस्य** |
| प्रमुख प्रशासकीय अधिकृत | **- सदस्य** |
| सम्बन्धित शाखाको प्रमुख | **- सदस्य सचिव** |

**९. अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्नका लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको अनुगमन तथा मुल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप-प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन/योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धीत शाखाको शाखा प्रमुख | सदस्य सचिव |

***(अन्य सदस्यहरु आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ)***

**१०. थपघट वा हेरफेर गर्न सक्ने**

(१) यो कार्यविधिको कार्यान्वयन थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(२) यस कार्याविधि कार्यान्वयनमा कनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।